"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

१ नं. प्रदेश नेपाल

प.सं.:-२०७९।८० फोन नं ०२६-४२००९९

च नं.:-

## आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०४।२६**

**दोस्रो पटक प्रकाशित मिति : २०७९।०६।०२**

छथर गाउँपालिकाबाट स्वीकृत यस गा.पा.को आर्थिक ऐन २०७९ बमोजिम गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन, दस्तुर र सेवा शुल्क आगामी आ.व. ०७९।०८० का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलको समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। अन्य विस्तृत जानकारीका लागि कार्यालयको वेवसाइड : **www.chhatharmun.gov.np** वा कार्यालयको सूचना पार्टीमा हेर्नु हुन वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

ठेक्काको दिवरण

| ठे.न. | विवरण | न्युनतम ठेक्का अंक रु (वार्षिक मुल्य अभिबृदि कर बाहेक) | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | पुर्वाधार उपयोग शुल्क -डङडङे तेलिया खोला नाका-ओखे दुविनि नाका | २,००,०००/- | १००० | ७औं दिन २०७९।०६।०८ १२:०० बजे | ७औं दिन २०७९।०६।०८ ०१:०० बजे | ८औं दिन २०७९।०६।०९ ०२:०० बजे |
| २. | निकासी शुल्क | २,००,०००/- | १००० | ७औं दिन २०७९।०६।०८ १२:०० बजे | ७औं दिन २०७९।०६।०८ ०१:०० बजे | ८औं दिन २०७९।०६।०९ ०२:०० बजे |
| ३ | दैनिक अस्थायी हाट बजार सेवा शुल्क | १,००,००० | १००० | ७औं दिन २०७९।०६।०८ १२:०० बजे | ७औं दिन २०७९।०६।०८ ०१:०० बजे | ८औं दिन २०७९।०६।०९ ०२:०० बजे |

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र साथ रु. १० को टिकट टाँसी आफुले कवोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% धरौटी बापत रकम छथर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नबिल बैंक शुक्रबारेमा रहेको ग-३ स्थानीय तह धरौटी खाता नम्बर **२१२०१०१७५०००१९** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ।

२. शिलबन्दी बोलपत्र साथ बोलपत्रवालाको व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ। संस्थाको हकमा आन्तरिक राजश्व कार्यालयवाट प्राप्त गरेको स्थायी लेखा नम्बर को प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, तथा आ.व. ०७८/७९ को कर चुक्ता प्रमाण पत्र समेत शिलबन्दी दरभाउपत्र साथ पेश गर्नू पर्नेछ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर ठेक्का नं. १ र २ को लागि रु. १००० (फिर्ता नहुने गरी) बोलपत्र फारम छथर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट रसिद काटी वा छथर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नबिल बैंक शुक्रबारेमा रहेको ग-१-१ रहेको आन्तरिक राजश्व खाता नम्वर **२१२०१०१७५०००२५** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गरि राजश्व शाखा बाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति पहिलो पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (२०७९।०६।०८ गते दिनको १२:०० बजे ) सम्म शिलबन्दी बोलपत्र खरिद गर्न सकिने र ७ औं दिन (२०७९ ।०६ ।०९ गते) दिनको ०१:०० बजे सम्म दर्ता गराउन सकिनेछ। शिलबन्दी बोलपत्र ठेक्का ८ औं दिन (२०७९ ।०६।१० गते) दिनको ठिक २:०० बजे यस गा.पा. कार्यालयमा खोलिनेछ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फारम उपर कुनै कारबाही हुने छैन।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गाउँपालिकामा सुरक्षित रहनेछ।

७. ठेक्का रकम लाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ६० प्रतिशत, तथा अन्तिम किस्ता ४० प्रतिशत गरी विभाजन गरिने छ। यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता रकम सम्झौता गर्दा कै बखतमा र अन्तिम किस्ता वरावरको ४० प्रतिशत रकम पौष मसान्त भित्रमा वुझाउनु पर्ने छ। अन्तिम किस्ता वरावरको रकमको हकमा २०८० आसार मसान्त सम्म अवधि रहेको बैक ग्यारेन्टी सम्झौता गर्दा कै बखतमा पेश गर्नु पर्ने छ। एकमूष्ट रकम वुझाउन चाहनेले एकमूष्ठ रकम कवोल अंकमा मु.अ.कर बाहेकको ठेक्का रकममा १० प्रतिशतले हून आउने रकम छुट दिइने छ।

८. दर्ता भएका शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा छथर गा.पा. गाउँ कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ र बोलपत्र दर्तावाला वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

९. गाउँपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्नेछ।

१०. अन्य जानकारीको लागि प्रशासन शाखामा कार्यालय समय भित्र टेलिफोन नं. ०२६४२००९९ मा सम्पर्क राख्न सकिनेछ।

११. वार्षिक ठेक्का रकम बाँकी अवधिको लागि स्वीकृत भएको दिन देखी दामासाहीले लागु हुनेछ। विपद वा माहामारीको कारण ठेक्का सम्झौता भएर पनि असुल उपर गर्न बाधा परेमा प्रचलित ऐन नियम र गाउँ सभा को निर्णय बमोजिम हुनेछ।

नोट : शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट दर्ता हुने तथा खोलिने छ।

गुणराज चलियाँ
प्रमुख प्रशासकीय अधिकृत

"मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणका लागि"